# हिमपात पुर्वतयारी तथा प्रतिकार्य योजना
# २०८२ दार्चुला



## जिल्ला विपद् व्यवस्थापन समिति, दार्चुला

| | | |
|---|---|---|
| प्रकाशन मिति | :- | २०८२ चैत |
| प्रकाशक | :- | जिल्ला प्रशासन कार्यलय, दार्चुला । |
| सर्वाधिकार | :- | जिल्ला  विपद व्यवस्थापन समिति |
| प्राविधिक सहयोग | :- | DAO / DEOC, |
| बिशेष सहयोगी | :- | ७ गाउँपालिका/२ नगरपालिका |
| फोन नं. | :- | ०९३ ४२०१३३, ०९३ ४२०२१४, ०९३४२००७८ |
| इमेल | :- | daodarchula@moha.gov.np, deocdarchula@gmail.com, |
| बेबसाइड | :- | www.daodarchula.moha.gov.np |

# हिमपात पूर्वतयारी योजना, २०८२

मिति २०८२।१२।०३
गते परिमार्जन गरि
अद्यावधिक गरिएको ।

## १. पृष्ठभुमी

विपद् घटना प्राकृतिक र मानव सृजीत असावधानिमुलक गलत कृयाकलापको कारण हुने गर्दछ । नेपाल निरन्तर दोहोरिरहने बहु–प्रकोपका घटनाहरुबाट उत्पन्न विपद्को अत्यधिक जोखिममा रहेको मुलुकमा पर्छ । नेपालमा प्रत्येक वर्ष बाढी, पहिरो, चट्याङ्ग, आगलागी, सडक दुर्घटना तथा महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरुले गर्दा जनधनको ठूलो क्षति तथा नोक्सानी हुने गरेको छ । मुलुक विषम भू–बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका कारण भूकम्प, बाढी, पहिरो तथा भू–स्खलन, डुबान, चट्याङ, खडेरी, हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिबृष्टि, अनावृष्टि, हुरी बतास, शीतलहर, तातो हावाको लहर, वन डढेलो लगायतका प्राकृतिक प्रकोपहरुबाट प्रभावित छ । त्यसै गरी नेपाल सडक दुर्घटना, महामारी, अनिकाल, किट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, कोभिड-१९ अन्य प्यान्डामिक फ्लु जस्ता विश्वव्यापीकरण हुनसक्ने महामारी, सर्पदंश, जनावर आतंक, खानी, हवाई, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास, रसायन वा विकीरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना लगायतका गैरप्राकृतिक प्रकोपबाट समेत प्रभावित छ । नेपालको पहाडी तथा हिमाली भु-भागमा जाडोको अत्याधिक नकारात्ममक असर पर्दछ । यहाँ जाडो तथा हिमपातले प्रत्येक वर्ष हजारौ मानिसहरुलाई प्रभावित गर्दछ । धुलोको कणहरु सहित जाडोको तरंगले हावालाई चिसो पर्दछ । यस जिल्लामा विशेष गरि  अत्याधिक जाडो मंसिर महिनादेखि माघ महिनासम्म हुनेगरेको पाइन्छ।

दार्चुला नेपालको सुदूरपश्चिम प्रदेशको चीन र भारतको सिमासँग जोडिएको जिल्ला हो । समुद्र सतहबाट ५१८ मिटरदेखि ७,१३२ मिटर उचाईसम्म फैलिएको छ । २०७८ को जनगणना अनुसार यो जिल्लाको जनसंख्या १,३३,३१० रहेको छ जसमा पुरुष ६४,४२४ र महिलको संख्या ६८८८६ छ भने जिल्ला विपद् व्यवस्थापन समितिले गरेको अध्ययन अनुसार जिल्लामा विभिन्न प्रकोपबाट प्रत्येक वर्ष १,००० परिवार प्रभावित हुने गरेका छन् । देश संघीय राज्य व्यवस्थामा गएसँगैको राज्य पुनर्संरचनाले साविकका ३६ गा.वि.स. र १ नगरपालिकालाई २ नगरपालिका र ७ गाउँपालिकामा विभाजन गरिएको छ । एक संघीय संसदको सदस्य निर्वाचित हुने निर्वाचन क्षेत्र र २ प्रदेश सभा सदस्य निर्वाचित हुने निर्वाचत क्षेत्रमा जिल्ला विभक्त रहेको छ ।शैल्यशिखर नगरपालिका र महाकाली नगरपालिका गरी जिल्लामा २ नगरपालिका छन् । त्यसैगरी अपिहिमाल, मार्मा, व्याँस, दुहुँ, नौगाड, मालिकार्जुन र लेकम गाउँपालिका पनि रहेका छन् ।दुई नगरपालिकाका नौं नौं गरी १८ वडा, दुहुँका ५, व्याँसका ६, मालिकार्जुनका ८, लेकमका ६, मार्माका ६, अपिहिमालका ६ र नौगाडका ६ गरी जिल्लामा जम्मा ६१ वडा रहेका छन्।

जाडोयामको समयमा खास गरी पहाडी तथा हिमाली जिल्लाहरुमा चिसो तथा हिमपातबाट मानिसहरुको असावधानीका कारणवाट हरेक वर्ष श्वास प्रश्वास, रुघाखोकी, निमोनियाजस्ता स्वास्थ्य सम्बन्धि समस्याबाट धेरै मानिसहरु विरामी पर्ने र केही व्यक्तिको मृत्यु समेत हुने गरेको छ । पशुपन्छी, अन्नबाली समेत प्रतिकुल प्रभाव परी धेरै मात्रामा नोक्सान हुने गरेको छ । यस वर्ष पनि जाडोयामको समय सुरू भइसकेको छ । दार्चुला जिल्लामा विगत वर्षमा जस्तै मौसमको प्रतिकुलता र बातावरणमा आउने परिवर्तनबाट वर्षा हुनासाथ हिमपात समेत सुरू हुने अवस्था

छायसवाट विशेष गरी बालबालीका, जेष्ठनागरीक, सुत्केरी, गर्भवतीतथा विपद्  वाट प्रभावित भइ हालसम्म पनि पूर्नस्थापना हुन नसकेका परिवारहरुलाई प्रत्यक्ष प्रभाव पर्न सक्ने हुँदा उक्त जोखिमलाई न्यूनिकरण गर्न, आवश्यक श्रोत साधनको पूर्व प्रवन्ध गर्न, सचेतना अभिवृद्धि गर्न, हिमपात तथा चिसोबाट प्रभावित परिवारलाई पुऱ्याउने उद्धार तथा राहतको कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउनका  लागि जिल्ला विपद् व्यवस्थापन समितिले  हिमपात पूर्वतयारी तथा प्रतिकार्य योजनामा निर्माण गरेको छ।

यस दस्ताबेजले जिल्ला विपद् व्यवस्थापन समिति,स्थानिय तह (गाँउपालिका, नगरपालिका)ले ठूलो विपद्को समयमा पुरा गर्नुपर्ने कार्यहरुको व्यवहारिक चित्र प्रदान गर्ने प्रयास गरेको छ । यो एउटा साधारण योजना हो, जुन हिमपातको समयमा प्रयोग गर्न सकिन्छ । तथापी निश्चित अवस्थालाई मध्यनजर गरी तयार गरिएको छ । यस योजनामा प्रतिकार्य योजना पूरा गर्नका लागि अपनाइने चरणहरुको विस्तृत रुपमा ब्याख्या गरिएको छ । जिल्लामा रहेका सरोकारवाला निकायहरू, स्थानीय तह,सुरक्षा निकायहरु जिल्ला जनस्वास्थ्य कार्यालय, डिभिजन वन कार्यालय, नेपाल रेडक्रस सोसाइटी, मानवीय सहयोगी संघ सस्थाहरु, तथा विभिन्न सरकारी र गैर सरकारी संघ सस्थाहरु समेतको सहभागीतामा यो हिमपात पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणको व्यवस्था मिलाउने प्रयास गरिएको छ।

## १.१ साधारण उद्देश्यः

- हिमपातबाट हुन सक्ने क्षतिलाई न्यूनिकारण गरि सिमीत श्रोत र साधनको अधिकतम उपयोग गरी जिल्ला विपद् व्यवस्थापन समितिवाट गरिने प्रतिकार्य शीघ्र, उपयुक्त र प्रभावकारी बनाउनु।

## १.२ विशिष्ट उद्देश्यः

- विपद्को समयमा प्रभावकारी ढङ्गले  प्रतिकार्यमा सहभागी हुनका लागि पद्धति, संरचनाहरु बनाउने तथा उपयुक्त तयारी गर्ने,
- श्रोत तथा क्षमतामा कमी तथा संरचनाहरुमा क्षति हुँदा पनि प्रभावकारी प्रतिकार्यमा जिल्ला विपद व्यवस्थापन समिति,स्थानिय तह (गाँउपालिका, नगरपालिका) मा गठित स्थानीय विपद् व्यवस्थापन समिति लगायत सबै तहका संरचनाहरु संलग्न हुने।
- आपत्कालीन प्रतिकार्यका लागि प्रभावकारी प्रवेश, परिचालन, जिल्ला विदव्यवस्थापन समिति ,स्थानिय तह गाँउ पालिका, नगरपालिकामा गठित स्थानिय विपद व्यवस्थापन समिति लगायत सबै तहका संरचनाहरुको प्रयोग सुनिश्चित गर्नका लागि प्रकृयाहरु स्थापित गरिने।
- यो दस्ताबेजले बिपद् प्रतिकार्यमा जिल्ला विपद व्यवस्थापन समिति, स्थानिय तह (गाँउपालिका, नगरपालिकाहरु), विशिष्ट जिम्मेवारीहरु, प्रतिकार्यको उद्धेश्य र प्राप्त हुनुपर्ने परिणामहरुका बारेमा जानकारी दिने छ । यसमा उल्लेखित प्रतिकार्यको सूचीले हरेक विषयगत समुहले गर्ने कार्यको मार्गदर्शन बारेमा समेत पर्याप्त जानकारी दिनेछ।

## २. कार्य सञ्चालनको सन्दर्भः-

## २.१ हिमपातबाट प्रभावित हुन सक्ने क्षेत्रहरु

| सि.नं. | गाउँपालिका तथा नगपालीकाको नाम | वडा | कम हिमपात बस्तिहरु | मध्यम हिमपात बस्तिहरु | उच्च हिमपात बस्तिहरु | कै. |
|---|---|---|---|---|---|---|
| १ | महाकाली नगरपालिका | | वडा न ५ | वडा नं २,३,६,७,९ १ नम्बरमा खभा, दह, कोट,कौत्तली मध्यम | वडा न १बवा, दह, छापरी, कोट, वडा नं २ झुस्क, झल्ला, मैखोली, ३ नं वडा बाँझ मसेनी, झुस्कु वडानं ५ धौलगिड, वडानं ६ पउनेखोला, निसिल ७मा थाम, ८डाँडा बझानीदोपखे वडानं ९ थापला | |
| २ | शैल्यशिखर नगरपालिका | | 0 | रानीशिखर, देउथली मालिकार्जुन | 0 | |
| ३ | मार्मा गाउँपालिका | | वडा नं. २, ४ नं न्यून | 0 | वडा नं.१ नंमा परमचुली धाम, घोल्चर र ताकु३को मल्लो भागमा, ५ नम्बरको सितलाको मल्ल भेगमा,६मा मल्ल भेग बिनायक क्षेत्रमा | |
| ४ | मालिकार्जुन गाउँपालिका | | वडा नं. ५, ६ ७ मा न्युन | पस्ती, अडाखान, सौल्या टट्याडी, खालीकोट, बुगां, | सिसाली, पथ्थरखानी, बजानी, बलशिखर,न्वालपानी,शिखर,कासडीखोला, मलवाव, धौखानी, सुङरखाली, ४ नम्बरमा ऐरीछिना गोठयुडी सौल्यामल्लोभाग | वडा नं. १,२,३,४ वडा न का बढि प्रभावित |
| ५ | लेकम गाउँपालिका | | 0 | चपता, कुन्ती | 0 | पानी परेको बेला अग्लो भुभाग चपता, कुन्ती |
| ६ | ब्याँस गाउँपालिका | | 0 | 0 | साङगु, टिकंर, राप्ला, सुनसेरा, हुती, धौलाकोट, | १,२,३वडामा लगतार र ४,५,६वडामा जाडो याममा। |
| ७ | दुहुँ गाउँपालिका | | 0 | सुतखोला,मगांउँ, बारबाँझ | 0 | |
| ८ | अपिहिमाल गाउँपालिका | | वडा | 0 | सीती, आरुखोड, ल्वाथी, दैभाथ, कोठा, सकार, पाटु, लिथी, क्षेत्ति, घाँजिर, रंघाडी, तोथ्ती, पाथा, कसौती, काँटै, राताभिटी, इजर, थुम्ती, सम्भाड, खिर्सा, विसौनचौर, झुस्कु चौड, खात्ती, देउरुख, चिलडुङरा, मल्लो राउला, लम्थ्याङ्, चौविसन, कुला, राङपाङ देउली, खडियान, पाडीचम्फु, सितोला, रिगुर, घङकङ, माङदाङ, धमलाड, ककनाडी | निरन्तर |
| ९ | नौगाड गाउँपालिका | | साउगन्ना, खितला ६वडा न | ४ न वडामाकपडे, सिप्टी विनायक २ नं. वडा हपरी,मल्ल टेस्ट्रो भटे घुस्सा, | १ न वडा पुरा इयरकोट, थाङलिङ्ग, महाथाङ्गलिन, नागु ४ न सिप्टी ६ नं. एगरभगे, गडीगाड, खालीडाडा,क्षेतीपाथा, | |

| सि.नं. | गाउँपालिका तथा नगपालीकाको नाम | वडा | कम हिमपात बस्तिहरु | मध्यम हिमपात बस्तिहरु | उच्च हिमपात बस्तिहरु | कै. |
|---|---|---|---|---|---|---|
| | | | | दल्लेत,गोदामी, सुनुमुन्ना सिती, वडा न ३ थुम्के, देउलाडा, खार मल्लो भाग,सुन्द मुन्द सुकुलथान | खाइकोट (वडान १) धुलिगढा थालिगाढा रहेचो मल्लो भाग | |

### २.२. हिमपातबाट प्रभावित हुन सक्ने परिवारको लगत विवरण:-

| सि. नं | प्रभावित हुन सक्ने | | | सम्भावित प्रभाव स्तर |
|---|---|---|---|---|
| | स्थान | परिवार संख्या | सदस्य संख्या | |
| १ | महाकाली नगरपालिका | ६० | ३०० | ६ |
| २ | शैल्यशिखर नगरपालिका | ५० | २५० | ७ |
| ३ | मार्मा गाउँपालिका | १५० | ७५० | ४ |
| ४ | ब्यास गाउँपालिका | ७०० | ३५०० | २ |
| ५ | लेकम गाउँपालिका | ४० | २०० | ९ |
| ६ | मालीकार्जुन गाउँपालिका | १०० | ५०० | ८ |
| ७ | दुहुँ गाउँपालिका | ११५ | ५७५ | ३ |
| ८ | अपीहिमाल गाउँपालिका | ९०० | ४५०० | १ |
| ९ | नौगाड गाउँपालिका | २०० | १००० | ५ |

### २.३. प्रत्यक्ष प्रभावहरु:-

दार्चुला जिल्लामा बिगतका दिनका अनुभवहरुलाई केलाउदाँ हिमपातको समयमा एक ठाउँ देखि अर्को स्थानसम्म जाँदा निकै कठिन हुने गरेको पाइएको छ।

**(क) जनस्वास्थ्यः-**

- हिमपात तथा चिसोका कारण रुघा खोकी, सर्दी जुखाम लगायत दम र श्वासका विरामीहरुका लागि जोखिमयुक्त हुने। चिसोका कारण निमोनिया तथा दीर्घरोगको असर बढन सक्ने।
- हिमपातबाट गर्भवती महिला,स- साना बालबालिकाहरु, बिरामी व्यक्तिहरु,र शारीरिक रुपमा अपाङगता भएका व्यक्तिहरु बढी प्रभावित हुने गरेको।

**(ख)यातायात तथा सञ्चार अवरोधः-**

- हिमपातका समयमा सवै हिमाली तथा उच्चपहाडी स्थानहरुमा बाक्लो हिउँ जम्ने तथा जतातत‍ै हिमपात भएको कारणबाट जिल्लाका सवारी साधन बन्द हुने र सडक दुर्घटना त्रासको महसुस हुने। विद्युत प्रवाहमा अवरोध उत्पन्न हुन सक्ने।
- अत्याधिक चिसोको कारण घर देखि वाहिर निस्कन नसक्ने अवस्था हुने।
- संचार सेवा अवरुद्ध हुन सक्ने।
- यस जिल्ला अन्तर्गत अपि हिमाल गाउँपालिकामा पर्ने अपिहिमालको आरोहण गर्न जाने पर्वतारोही र वेस क्याम्प सम्म जाने पदयात्रीहरुलाई सुरक्षित पदयात्राको व्यवस्थापनमा असहज परिस्थिति उत्पन्न हुने।

**(ग) जीविकोपर्जनमा असरः-**

- ब्यास गाँउपालिकामा ६ महिना गाउँ छोडेर तल बेशीमा बस्नु पर्ने देखिन्छ। व्याँस गा.पा. १, छाङ्गरु र टीकर गाउँका सम्पूर्ण घर परिवार दार्चुला खलंगा सदरमुकाममा कुन्चा सर्ने गरेका छन्।
- हिमपातबाट कृषि उत्पादन तथा अन्नवालीमा क्षति/नोक्सान हुने।
- पशुपन्छि बिरामी हुने तथा मृत्यु समेत हुने।
- पर्यटन व्यवसाय प्रभावित हुने। पर्यटक/पदयात्रीहरुलाई गाँस,बास तथा स्वास्थ्य समस्या उत्पन्न हुने।

**(घ) जीवनशैलीमा असरः-**

- मानिसहरुको दैनिक जीवन यापनमा कठिनाई हुने।
- खाद्य तथा ईन्धनको समस्या हुने।
- आधारभूत आवश्यकताका सामाग्री तथा स्वास्थ्य उपचारमा कठिनाई उत्पन्न हुने।

**२.४जोखिमका कारणहरुः-**

(क) भौगोलिक अवस्थाः- जिल्लाको अधिकंश भू-भाग हिमाली र पहाडी भू-भाग भएकोले।

(ख) जलवायु परिवर्तनः- परिवर्तित जलवायु परिवर्तनको असर यस जिल्लामा पनि देखिएको।

(ग) विपन्न आर्थिक अवस्था तथा कमजोर तयारीः- दुर्गम क्षेत्रमा अझै पनि निम्न आर्थिक अवस्थाका कारण गरिवी व्याप्त रहेको र गरिव तथा विपन्न नागरिकहरुलाई राहत सहयोग उपलब्ध गराउने सम्बन्धमा प्रयाप्त तयारीको अभाव रहेको छ।

(घ) चेतनाको कमीः अझै पनि समाजमा जोखिमबाट बच्न अपनाउनु पर्ने उपायहरुका सम्बन्धमा जनचेतनाको अभाव रहेको छ।

**२.५ जोखिम न्यूनीकरणका उपायहरुः-**

- प्रभावित/जोखिम क्षेत्र र समुदायको पहिचान गरी प्राथमिमीकरण गर्ने।
- हिमपात पूर्वानुमानलाई भरपर्दो बनाउने।
- पूर्व सूचना प्रणालीलाई व्यवस्थित बनाउने र पूर्वसूचनामा तल्लो तह सम्मको पहुँच स्थापित गर्ने।
- जिल्ला स्थित सबै स्थानीय तहहरुले पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।
- हिमपातबाट प्रभावितका लागि राहत वितरण योजना बनाउने तथा तत्काल परिचालित हुने गरी संयन्त्र गठन गर्ने।
- वडा, टोल र समुदायस्तरबाट हिमपातबाट बच्न सचेतनामूलक कार्यक्रम सञ्चान गर्ने।
- गैर सरकारी संस्थाहरुले सम्बन्धित स्थानीय तहसंग समन्वय गरी कार्ययोजना कार्यान्वयनमा सहयोग गर्ने।
- चेकप्वाईन्टहरुमा पदयात्रीहरुको नाम,ठेगाना तथा सम्पर्क नम्बर सहितका विवरण राख्ने तथा स्थानीय पथप्रदर्शक (गाईड) हरु समेत लिई समूहमा हिडनुपर्ने व्यवस्था अनिवार्य गर्ने।
- लामो दूरीको तथा उच्च क्षेत्रको पदयात्रामा निस्केका यात्रीले स्याटेलाईट फोन लिनुपर्ने व्यवस्था गर्ने।हिमाली क्षेत्रको उद्धार लिएका एवं हिमाली तथा उच्च पहाडी क्षेत्रमा काम गरेका जनशक्तिलाई प्राथमिकतामा राख्ने।
- संरक्षित क्षेत्रहरु तथा अन्य सम्बन्धित निकायले पदमार्ग तथा अन्य पूर्वधारबारे सूचनापाटीहरु राख्ने व्यवस्था मिलाउने।

- हिमपात तथा चिसोको असरबाट बच्न अपनाउनुपर्ने उपायहरु सहितका निम्नअनुसारका सन्देशमूलक सूचना सामाग्रीहरु बिभिन्न सञ्चार माध्यमबाट प्रसारण गर्न व्यवस्था मिलाउने।
- जाडोयामका लागि समयमै न्यानो कपडाको जोहो गरौं।
- हिमपातको समयमा घर बाहिर तथा खुल्ला स्थानमा धेरै समय नबिताऔं।
- चिसो मौसममा तातोपानी, पोषिलो तातो झोल पदार्थ प्रशस्त मात्रामा पिउने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा बिशेष ध्यान दिउँ।
- सुत्दा न्यानो सिरक, कम्बलजस्ता ओढने प्रयोग गरौं। छाती तथा टाउको अनिवार्य रुपमा छोपौं।
- घरेलु पशुपन्छिलाई पर्याप्त घाँस, पराल र दाना दिऔं। गोठ तथा टहरालाई न्यानो गरौं।
- असुरक्षित रुपमा कोठा वा घरको कुनै पनि ठाउँमा आगो बालेर नसुतौं।
- काठाभित्र आगो बालेर तातो पार्दा तातो बनाउने विद्युतिय सामाग्रीहरु हिटर आदिको प्रयोग गार्दा झ्याल ढोका खुला राखि पर्याप्त अक्सिजन आवतजावत हुने कुरा सुनिश्चित गरौं।
- चिसो वा भिजेको कपडा नलगाउ।चिसो कपडाले शरिरको तापक्रम झन घटाउँछ।

## ३. विपद् परिदृश्य तथा योजना अवधारणाहरुः

दार्चुला जिल्लामा हरेक बर्ष विभिन्न प्रकारका प्रकोपबाट उत्पन्न हुने विपदवाट प्रभावित रहेको छ। जिल्लामा हरेक वर्ष बाढी, आगलागि, हिमपात, हावाहुरी,जनावरको आक्रमण र सडक दुर्घटनाजन्य विपद्का कारण जनधनको क्षति हुने गरेको छ। २०६२ सालमा माघ २ गते लामोझरीको परेको बेला दार्चुला जिल्लाको सबै भागमा हिमपात भएको थियो। यसैकुरालाई मध्यजनर राख्दै जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०८१ मा प्रयोग स्तरिकारण गर्दा ७ स्थानमा रहेको गाउँपालिका तथा नगरपालिकाहरुमा ब्यासको साङगु, टिकंर, राप्ला, सुनसेरा, हुती, धौलाकोट, दुहुँको पिपलचौरी, हिकिला, ब्रह्मदेव धारी, अपिको खण्डेश्वरी घुस्सा, सितला, मार्माको गुल्जर, नौगाढको सिप्टी, एयरकोट, दल्लेक,मालिकार्जुनको न्वालापानी, महाकाली नगरपालिकाको धकोट, शैल्यशिखरअल्गा डाँडोहरु रानीशिखर, देउथली मालिकार्जुन क्षेत्रहरुमा हिउँदमा हिमपात पर्ने गरेको पाइन्छ। सधैको बर्ष पनि मसिंरदेखि फाल्गुनसम्म अपिको सुनसेरा ब्यासको कालापानी, टिंकर लेपुलेक साङगु छाङ्गरुमा लगातार हिमपात परेको कारणले मान्छेहरुतल बेशी झर्ने गर्दछन तथा नियमित भइरहने विपद्को समयमा मानवीय सहायतालाई प्रभावकारी रुपमा अघि बढाउन आवश्यक छ। त्यसैले जिल्लामा विपद्को सामना गर्ने क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम र योजनामध्ये आपतकालीन समयमा मानवजीवनको रक्षा र महत्वपूर्ण सम्पत्तिको संरक्षण गर्ने उद्देश्यका लागि जिल्ला विपद व्यवस्थापन समिति दार्चुलाले **Snowfall Contingency Plan** तयार गरि जिल्लाको महत्वपूर्ण दस्तावेजको रुपमा स्वामित्व ग्रहण गरेको छ।

विपद्को समयमा विपद् प्रभावितको जीवन र बहुमूल्य सम्पत्तिको संरक्षण तथा सुरक्षा गरी मानिस माथि पर्ने प्रतिकूलप्रभावको सामना गर्न दार्चुला जिल्लाको साधन स्रोतको अधिकतम उपयोग गर्दै प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त तरिकाले मानवीय सहयोग उपलब्ध गराउनु तथा विपद् जोखिम न्यूनीकरण कार्यलाई संस्थागत रूपमा प्रबर्द्धन गर्नु यस योजनाको मूल उद्देश्य रहेको छ।

## ४. क्षेत्रगत उद्देश्य :-

हिमपातको प्रभावमा परेका मानिसलाई भेदभावरहित ढङ्गले राहत उपल्वध गाराई मानवीय सहायताका प्रतिकार्य गतिबिधिहरु संचालन गर्नु र सबै क्षेत्र तथा सरोकारवालासँग प्रभावकारी समन्वय गरी, सूचना सङ्कलन, विश्लेषणर प्रवाहको प्रभावकारी व्यवस्था गर्नु यसकोमुख्य उद्देश्य हुनेछ। योजनाका समष्टिगत उद्देश्य निम्नअनुसार हुने छन्:-

- हिमपात प्रभावितहरूलाई विना भेदभाव राहत उपलब्ध गाराउने र सो क्रममा विशेषगरी बालबालिका, जेष्ठनागरिक, फरक क्षमता भएका कमजोर, कुपोषित, अपाङ्गता, सुत्केरी तथा गर्भवती महिला भएका व्यक्तिलाई प्राथमिकता दिएर उद्धार गरी जीवन बचाउनु
- हिमपातको प्रभावबाट सुरक्षित राख्ने उपायहरुको सम्बन्धमा स्थानिय विपद् व्यवस्थापन सम्बन्धि कार्य गर्ने सवै सरकारी तथा गैरसरकारी संघ सस्थाहरु समेतलाइ जोखिम न्यूनिकारण गर्नको लागी अनुरोध गर्ने।
- विपद्को समयमा संघिय सरकार,प्रदेश सरकार, स्थानीय तह,दातृ निकाय, सबै क्षेत्र, सहयोगी संस्था तथा नागरिक समाजबीच समन्वय कायम गर्नु।
- नियमित रूपमा अनुगमन गरी सबै विषयगत क्षेत्रहरूलाई परिचालन गर्नु र पृष्ठपोषण दिनु।
- हिमपातहरुबाट प्रभावित हुन सक्ने क्षेत्र,गाउँ,टोल, परिवारहरुको पहिचान गरी राहत तथा उद्धारको लागि अगुवा सहयोगी संस्थाको समन्वयमा सवै सरोकारवालानिकायहरुलाई विशेष गरेर दाउरा, कम्बल, न्यानो कपडा जस्ता सामाग्रीहरुको पूर्व प्रवन्ध गरी तयारी अवस्थामा राख्ने र राख्न लगाउने।
- जाडोयाममा हुन सक्ने स्वास्थ्य सम्वन्धि समस्यालाइ न्यूनिकराण गर्न जनचेतनामूलक कार्यक्रम स्वास्थ्य विषयगत क्षेत्रले तत्काल संचालन गर्ने र स्वास्थ्यकर्मी तथा औषधीहरु तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने। यसमा स्थानीय तहको महत्व पूर्ण भुमिका हुने।
- हिमपात बाट सुरक्षित रहनका लागि तपसिल बमोजिमका सचेतनात्मक सन्देशमूलक सूचना एवम् जानकारी स्थानिय संचार माध्यम मार्फत स्थानीय भाषामा समेत उक्त सन्देशमुलक सामाग्रीहरु प्रशारण गर्न स्थानीय संचार माध्यम तथा स्थानिय गैरसरकारी निकायवाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने।

## ५. पूर्वतयारी प्राथमिकताः

- बिपद्संग सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय बैठक गर्ने।
- DDMC को बैठक गर्ने र जिम्मेवारी बहन गर्न लगाउने।
- जिल्ला भित्रका सबै स्थानिय तहका विपद व्यवस्थापन समितिहरुलाई जनचेतना मुलक कार्य गर्न लगाउने।
- जिल्ला भित्रका सबै स्थानिय तहका विपद् व्यवस्थापन समितिहरुमा हिमपात पूर्वतयारी कार्यशाला संचालन गर्न लगाउने।
- विपद् पूर्वतयारीसम्बन्धी अभिमुखीकरण गर्ने।
- स्थानिय तहका संकटासन्न क्षेत्रको नक्शाङ्कन गर्ने।
- विषयगत समितिहरुको नियमित बैठक गर्ने।
- जिल्लामा सबै गाउँपालिका, नगरपालिकाहरुसंग बसी कम्बलवा तातो कपडाको आवश्यकता अनुसारव्यवस्थापन गर्ने साथैअन्य सरोकारवाला निकायहरुसंग समेत पहल गर्ने।

- अत्यधिक चिसो बढेमा सुरक्षित तरिकाले आगोबाली ताप्न जिल्ला स्थित सवै स्थानिय तह तथा सरोकारवाला निकायहरुले समन्वय गरि आवश्यक पर्ने दाउरा पहिले नै जोहो गरी राख्ने।
- स्थानिय एफ.एम हरुवाट जन चेतनामुलक सन्देशहरु प्रसारण गर्ने।
- जिल्ला स्थित सबै स्थानीय तहहरुलाई चिसो तथा हिमपातबाट जोखिममा पर्न सक्ने अति विपन्नव्यक्ति/परिवारको लगत विवरण तयार गरी अत्यावश्यक पर्ने राहत सामाग्रीको व्यवस्थापन गर्न हुन र सो लगत विवरण उपलब्ध गराउन हुन पत्राचार गरिएको।
- यस जिल्ला अन्तर्गत अपि हिमाल गाउँपालिकामा पर्ने अपिहिमालको आरोहण गर्न जाने पर्वतारोही र वेस क्याम्प सम्म जाने पदयात्रीहरुलाई सुरक्षित पदयात्राको व्यवस्थापनमा सहज गर्ने तथा संकटजन्य अवस्थामा उद्धार गर्न आवश्यक व्यवस्था मिलाउने।
- हिमपातजन्य क्षेत्रमा सडक/बाटोको पहुच सुविधाजनक बनाउने तथा पदयात्रीहरुका लागि उचित आश्रयस्थल निर्माण गर्न सम्बन्धित स्थानीय तहसंग समन्वय गर्ने।
- हिमपात क्षेत्रमा संचार सुविधालाई भरपर्दो बनाउन दूरसंचार कार्यालयले आवश्यक व्यवस्था मिलाउने।
- चिसोबाट बच्न मादक पदार्थ रक्सी वा अन्य लागु औषध सेवन गर्ने कार्यलाई नियन्त्रण गर्न सबै स्थानीय तहहरुले आ-आफ्नो स्थानीय तह अन्तर्गत सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

**६. जिल्लामा रहेको राहत सामाग्री विवरण:-**

१. नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखामा त्रिपाल लगायत कपडा, भाडाकुँडा गैर खाद्य सामाग्री मौजदात रहेको।

२. हिमपातका लागि नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा दार्चुलामा छुटै सामाग्री प्राप्त नभएको।

३. जिल्ला प्रशासन कार्यालयमा कम्बल, त्रिपाल सामाग्री मौज्दात रहेको।

**७. बिषयगत जिम्मेवारीः**

**निकायगत भूमिका तथा जिम्मेवारी**

| क्र.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ➢ समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>➢ आवश्यकता अनुसार क्षेत्रिय तथा केन्द्रिय स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिकको लागि समन्वय)। |
| २ | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी | ➢ समन्वयात्मक कार्यमा सहयोग गर्ने।<br>➢ श्रोत (आर्थिक, भौतिक, मानविय श्रोत ) परिचालन तथा समन्वय गर्ने। |
| ३ | स्थानिय तहहरु | प्रमुख/अध्यक्ष | ➢ नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>➢ विषयगत क्षेत्रसग समन्वय गरि राहत कार्यमा सहयोग गर्ने।<br>➢ आवश्यकता अनुसार क्षेत्रिय तथा केन्द्रिय स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिक)को लागि समन्वय।<br>➢ तथ्यांक संकलन तथा ब्यवस्थापन।<br>➢ श्रोत (आर्थिक, भौतिक, मानविय श्रोत) परिचालन तथा समन्वय गर्ने। |
| ४ | सुरक्षा निकायहरु | प्रमुख तथा प्रतिनिधि | ➢ सुरक्षा व्यवस्था गर्ने।<br>➢ विषयगत समितीमा रहि सहयोग गर्ने। |

| क्र.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| ५ | राजनैतिक दलहरू | दलका प्रमुखहरू | ➢ समन्वय।<br>➢ श्रोत संकलनमा सहयोग।<br>➢ जनपरिचालन गर्ने। |
| ६ | जिल्ला आपतकालिन कार्य संञ्चालन केन्द्र | फोकल पर्सन | ➢ सूचना संकलन, समन्वय रसम्प्रेषण।<br>➢ तथ्यांक ब्यवस्थापन। |
| ७ | जिल्ला अगुवा सहयोगी निकाय -DLSA | स्रोत केन्द्र प्रमुख | ➢ राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संघ/संस्था तथा सरोकारवालासंग समन्वय र सहकार्य गर्ने।<br>➢ स्रोतको खोजी गर्ने। |
| ८ | नेपाल रेडक्रस सोसाइटी | सभापति | ➢ राहत खाद्यसामाग्री तथा अस्थाई आवास ब्यवस्थापन।<br>➢ आपत्कालीन आवास तथा बन्दोबस्ती (Logistic) व्यवस्थापनमा सहयोग गर्ने। |
| ९ | विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरु | ➢ विषयगत समितीमा रहि क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने।<br>➢ सम्बन्धित कार्यालयको आपत्कालिन योजना निर्माण गर्ने। |
| १० | उद्योग वाणिज्य सङ्घ | अध्यक्ष | ➢ न्यानो कपडा तथा कम्मल सामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने। |
| ११ | यातायात व्यवसायी संघ तथा प्रा.लि.हरु | अध्यक्ष | ➢ राहात तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जन शक्ति उपलब्ध गराउने। |
| १२ | संचार माध्यमहरु | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु | ➢ सहि सूचना संकलन तथा सम्प्रेषण।<br>➢ सचेतनामुलक सुचना तथा समाचार सम्प्रेषण गर्ने। |
| १३ | नागरिक समाज | संयोजक | ➢ राहत कार्यमा सहयोग तथा समन्वय।<br>➢ मानव अधिकारको संरक्षण तथा सम्बर्द्धनमा सहयोग। |
| १४ | पेशागत व्यवसायी समितिहरु | अध्यक्ष | ➢ राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग। |
| १५ | गै.स.स.महासंघ, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | ➢ मानवश्रोत परिचालन गर्ने।<br>➢ श्रोत संकलनमा सहयोग गर्ने।<br>➢ गै.स.स. बिच समन्वय।<br>➢ क्षमता विकास तथा सहजिकरण कार्य गर्न। |

८. **प्रतिकार्य विवरणः-** मिति २०८०।०१९ गतेका दिन दिउँसो १५:२० वजेको समयमा जिल्ला दार्चुला व्याँस गाउँपालिका वडा नं. १ भोलेन भन्ने स्थानमा यार्सागुम्बा संकलन गर्न गएका यस जिल्लाका दुहुँ गाउँपालिकाका २ (दुई) जना व्यक्ति तथा जिल्ला डोटी जोरायल गा.पा. वडा नं. २ बुडर बस्ने ३ जना व्यक्तिहरु समेत जम्मा ५ (पाँच) जना व्यक्तिहरुको हिमपहिरोमा परी वेपत्ता भएकोमा जिल्ला स्थित नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलबाट वेपत्ता भई मृत्यु भएका व्यक्तिहरुको खोज तथा उद्धार कार्य गरिएको ।उक्त घटनामा हिमपहिरोका कारण जोखिममा परेका ८ (आठ) जना व्यक्तिहरुलाई जिल्ला स्थित सुरक्षा निकायबाट सकुसल उद्धार गरिएको । प्रतिकार्यात्मक विवरण निम्न अनुसार संचालन गरिनेछ।

| सि.नं. | क्रियाकलापहरु | कसले | कहाँ | कसरी | कै |
|---|---|---|---|---|---|
| १ | न्यानो कपडा संकलन | नगरपालिका तथा गाउँपालिकाहरु/ उद्योग वाणिज्य संघ मार्फत न्यानो कपडाव्यवस्थापन/ कम्बल लगायत अन्य न्याना कपडाहरुनेपाल रेडक्रस सोसाइटी | क्षेत्र अनुसार जिल्लाको भिन्न स्थानहरुमा | सबैको सहयोगमा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | जिल्ला शाखा तथा उपशाखाहरु | | | |
| २ | दाउरा संकलन | नगरपालिका, गाउँपालिकाहरु/जिल्ला वन डिभिजन कार्यालय तथा सामुदायिक वन महासंघ | | डिभिजन बन कार्यलय सगँ अनुरोध गर्ने। | |
| ४ | राहत वितरण | जिल्ला प्रशासन कार्यालय,स्थानीय विपद जोखिम व्यवस्थापन समिति सुरक्षाकर्मी,नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा/उपशाखाहरुर उद्योग वाणिज्य संघहरु | प्रभावित क्षेत्रमा | प्रभावित क्षेत्रको डाटा आईसकेपछी तुरुन्तै बितरण गर्ने। | |
| ५ | एम्वुलेन्स सेवा | एम्बुलेन्स संचालक संघसंस्थाहरु तथा समितिहरु | जिल्ला भरी | प्रभावित क्षेत्रमा स्वास्थ्यमा असर आउन थालेपछी समन्वय रुपमा सेवा उपलब्ध गराउने। | |
| ७ | स्वास्थ्य शिविर | जिल्ला अस्पताल, स्थानिय तह अन्तर्गतका स्वास्थ्य इकाईहरु र अन्य सेवा प्रदायक संघ संस्था | प्रभावित क्षेत्रमा | सबैको सहयोगमा । | |
| ९ | विपद सम्बन्धी सुचना तथा जनचेतना | जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, पत्रकार महासंघ, स्थानीय संचार माध्यमहरु, जल तथा मौषम फिल्ड कार्यालय | जिल्ला भर | प्रभावित क्षेत्रमा भएका घटना हरुको सत्य तथ्य विवरण उपलब्ध गराउने। | |
| १२ | सुचना व्यवस्थापन | जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र | जिल्ला भर | जिल्लामा भएका घटनाहरुलाई CDO तथा DDMC को meeting मा जानकारी गराउने | |

## ९. जिल्लामा उपलब्ध खोज तथा उद्धारका समाग्रीहरु :

दार्चुला जिल्लाको प्रकोप पूर्वतयारीका लागि उपलब्ध स्रोत साधन विवरण:-

-जिल्ला प्रहरी कार्यालय तथा मातहतमा रहेका विपद् व्यवस्थापन तथा उद्धार समाग्रीको विवरण

| सि.न. | सामाग्रीको नाम | संख्या | सि.न. | सामाग्रीको नाम | संख्या |
|---|---|---|---|---|---|
| १ | बाल्टी | २१ | २४ | Gumboot without steel | १० |
| २ | गैती | ६७ | २५ | Gumboot fire | १० |
| ३ | बेल्चा | ८५ | २६ | Dead Body Bag | ४ |
| ४ | स्टेचर | २३ | २७ | carraabin | १० |
| ५ | स्वमिङलाईफ ज्याकेट | २३ | २८ | Pully | ६ |
| ६ | घन | ४२ | २९ | Tent | २ |
| ७ | छिना | १७ | ३० | Whistle | १० |
| ८ | साबेल | ७२ | ३१ | Visibility Vest | १० |
| ९ | पलास | ३ | ३२ | strectcher | २ |
| १० | डोरी | ६ | ३३ | focus touch | ४ |
| ११ | ट्यूब | ७ | ३४ | Head Lihgt torch | ४ |
| १२ | बन्चरो | २५ | ३५ | life jacket | १० |
| १३ | अग्निनासक | २ | ३६ | fire filter shuit | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | फरुवा | २३ | ३७ | Fire Extinguisher | ४ |
| १५ | सेप्टिहेल्मेट | १६ | ३८ | Fire blanket | २ |
| १६ | कटनजम्प सुट | २८ | ३९ | फलाम काट्ने कैची | ४ |
| १७ | रेविथ आईरन हेन्डल | १२ | ४० | ग्रिन्डीङमेसिन | २ |
| १८ | सेप्टिबेल्ट | ५ | ४१ | रुख काट्ने मसिन | २ |
| १९ | सोटर | १२ | ४२ | रोवरीहेम्मर | २ |
| २० | आराठुलो | २ | ४३ | सरकुलरमेसिन | २ |
| २१ | हाते आरा | ४ | ४४ | टुलकिट | २ |
| २२ | हेम्मर | ४ | ४५ | सेप्टी चस्मा | २० |
| २३ | हसिया | १५ | | | |

-सशस्त्र प्रहरी बल, नेपाल नं. ४४ गण हे.क्वा. दार्चुला तथा मातहत कार्यालयमा भएका विपद् सामाग्रीहरुको विवरण:-

**(क)Collapsed Strcture Search and Rescue Equipment (CSSR)**

| सि.नं. | सामाग्रीको नाम | साबुत संख्या | बेसाबुत संख्या | बेसाबुत हुनाकोकारण | कैफियत |
|---|---|---|---|---|---|
| 1 | फलाम काट्नेमेशिन | 1 थान | - | - | |
| 2 | ड्रिलमेशिन | 1 थान | - | - | |
| 3 | ठुलोसाङ्गलो | 1 थान | - | - | |
| 4 | फिता (टेप) | 1 थान | - | - | |
| 5 | बोल्डकटर | 1 थान | - | - | |
| 6 | स्लाईडरेन्च | 1 थान | - | - | |
| 7 | चैनस (आरा) | 1 थान | - | - | |
| 8 | Rotary Rescue Saw(Petrol) | 1 | - | - | |
| 9 | Spare Diamond Cutting Blade | 5 | - | - | |
| 10 | Spare wood Cutting Blade | 5 | - | - | |
| 11 | Spare Metal Cutting | 5 | - | - | |
| 12 | Reciprocating Saw | 1 | - | - | |
| 13 | Spare Blade 6 Inch | 30 | - | - | |
| 14 | Spare Blade 9 Inch | 30 | - | - | |
| 15 | Spare Blade 12 Inch | 30 | - | - | |
| 16 | Electric Chain Saw | 1 | - | - | |
| 17 | Spare Chain | 4 | - | - | |
| 18 | Rotary Hammer Drill | 1 | - | - | |
| 19 | Spare Bit Small | 6 | - | - | |
| 20 | Spare Bit Large | 4 | - | - | |

**(ख) Water Rescue Equipment**

| सि.नं. | सामाग्रीकोनाम | साबुतसंख्या | बेसाबुतसंख्या | बेसाबुतहुनाको कारण | कैफियत |
|---|---|---|---|---|---|
| 1 | लाईफज्याकेट ठुलो/सानो | 10 थान | - | - | |
| 2 | प्लाष्टिक हेल्मेट | 25 थान | - | - | |
| 3 | खैचने साङ्गलो | 1 थान | - | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| 4 | प्याडन | 1 थान | - | - | |
| 5 | ठुलो साङ्गलो | 1 थान | - | - | |
| 6 | लाईफ ज्याकेट ठुलो/सानो | 5 थान | - | - | |
| 7 | बोट | 1 थान | - | - | |
| 8 | प्याडन | 7 थान | - | - | |
| 9 | पम्प | 1 थान | - | - | |
| 10 | लाईफ ज्याकेट | 10 थान | - | - | |
| 11 | Rescue Throw Bag | 2 थान | - | - | |
| 12 | पानी बुट | 5 जोर | - | - | |

**(ग) Rope Rescue Equipment**

| सि.नं. | सामाग्रीकोनाम | साबुतसंख्या | बेसाबुतसंख्या | बेसाबुतहुनाको कारण | कैफियत |
|---|---|---|---|---|---|
| 1 | लाईफ ज्याकेटठुलो/सानो | 10 थान | - | - | |
| 2 | क्याराविना (प्लेन) | 4 थान | - | - | |
| 3 | क्याराविना (प्लेन) | 2 थान | - | - | |
| 4 | अटोलकक्याराबिना | 4 थान | - | - | |
| 5 | प्लाष्टिकहेल्मेट | 25 थान | - | - | |
| 6 | डाईनामिकरोप (नाईलन डोरी सानो) | 1 थान | - | - | |
| 7 | स्टाटिकरोप (नाईलन डोरी ठुलो) | 5 थान | - | - | |
| 8 | सिटहार्नेश | 3 थान | - | - | |
| 9 | चेष्टहार्नेश | 3 थान | - | - | |
| 10 | फिगर8 | 4 थान | - | - | |
| 11 | जुमर | 5 थान | - | - | |
| 12 | प्लाष्टिकहेल्मेट | 5 थान | - | - | |
| 13 | मिटन | 5 जोर | - | - | |
| 14 | प्लाष्टिकहेल्मेट | 5 थान | - | - | |

**(घ) Fire Fighting Equipment**

| सि.नं. | सामाग्रीकोनाम | साबुतसंख्या | बेसाबुतसंख्या | बेसाबुतहुनाको कारण | कैफियत |
|---|---|---|---|---|---|
| 1 | सावेल (बेल्चा) | 2 थान | - | - | |
| 2 | स्वाटर(फायर बलाडर) | 5 थान | - | - | |
| 3 | पन्जा | 5 जोर | - | - | |
| 4 | रे-विथ आईरन हेण्डल सानो(जेट सुटर) | 5 थान | - | - | |
| 5 | रे-विथ आईरन हेण्डल | 5 थान | - | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ठुलो(जेट सुटर) | | | | |
| 6 | फायरट्रिङ्ग गुईसर | 1 थान | - | - | |
| 7 | गैटी | 3 थान | - | - | |
| 8 | फरुवा | 3 थान | - | - | |
| 9 | कोदालो | 2 थान | - | - | |
| 10 | सब्बल (गल) | 2 थान | - | - | |
| 11 | घन | 2 थान | - | - | |
| 12 | हसिया | 3 थान | - | - | |
| 13 | बन्चरो | 1 थान | - | - | |
| 14 | पिलास | 1 थान | - | - | |
| 15 | फायर बुट | 5 जोर | - | - | |

-नेपाली सेना श्री श्रीदल गुल्म खलंगा व्यारेकमा भएका विपद व्यवस्थापनका सामाग्रीहरुको विवरण:-

| सि.नं. | सामानकोविवरण | एकाई | परिमाण | सामानकोअवस्था | | कै. |
|---|---|---|---|---|---|---|
| | | | | साबुत | बेसाबुत | |
| १ | लाईफज्याकेट | गोटा | ३८ | ३८ | ० | |
| २ | क्याराविना | गोटा | २० | २० | ० | |
| ३ | H हार्नेस | गोटा | १० | १० | ० | |
| ४ | रबरट्युव | गोटा | ३ | ३ | ० | |
